# ग्रामीण स्वावलम्बन विकास केन्द्रको २७ औं वार्षिक उत्सव समारोहको संक्षिप्त जानकारी

यसवर्ष साउन १३ गते ग्रामीण स्वावलम्बन विकास केन्द्रको २७ औं वर्षगाँठ एक समारोहको आयोजना गरेर मनाइयो । उक्त समारोहमा स्वावलम्बन प्रणेता डाक्टर देवेन्द्रराज पाण्डे, प्रबन्ध समितिका अध्यक्ष राजेन्द्र दाहाल, सदस्य सचिव हरि भट्टराई, कोषाध्यक्ष सावित्री शर्मा, सदस्य राम रिसाल, अजयमणि दीक्षित, मथुरा मुलेपति, केन्द्रका पुराना कार्यकर्ताहरु छविलाल घिमिरे, हरि थापा, दातृनिकाय हेल्भेटासका भोला श्रेष्ठ, केन्द्रको राष्ट्रिय कार्यालयमा कार्यरत कर्मचारी लगायतको सहभागिता थियो । सो अवसरमा स्वावलम्बनको २७ वर्षे यात्रालाई सक्षिप्त पुनरावलोकन गर्दै आउँदा दिनका संभावना, चुनौती र निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा सहभागितामूलक चर्चा गरिएको थियो । सोही अवसरमा संस्थापक सदस्य शिवप्रसाद बस्यालले स्वावलम्बनको पृष्ठभूमि, इतिहास र वर्तमानका बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । कानुनविद एवं स्वावलम्बनका पुराना कार्यकर्ता छबि घिमिरेले व्यक्तिको जीवन पद्दतिलाई स्वावलम्बनको संसर्गले कसरी परिवर्तन ल्याउदो रहेछ भनेर आफ्नै परिवेशलाई उदाहरणकारुपमा जानकारी गराउनु भयो । अजयमणि दीक्षितले वदलिएको सन्दर्भमा स्वावलम्बन अवधारणालाई अझ व्यापक बनाउन जरुरी भएको र तदनुरुप स्वावलम्बनलाई परिस्कृत र परिमार्जित गर्दै लैजान जरुरी भएको, अझैपनि मुलुकमा स्थिरता आउन नसकेको, वर्तमान सरकार पूर्ण बहुमतको भएतामा पनि मुलुकलाई अगाडी लैजाने दिशा पक्डन नसकेको र त्यसको अन्योलता सबैतिर देखिएको र गैससका बारेमा झनै दुविधा देखिएको जस्को मार आरएसडिसीजस्ता प्रभावकारी संस्थाले समेत व्यहोर्नु परेको अनुभवजन्य धारणा राख्नु भएको थियो । मुलुककै विकासको लागि नीतिगत रुपलेनै “स्वावलम्बन” अवधारणालाई अगाडी बढाउन चाहेको तर त्यसकालागि आफुले कहिंकतैबाट पनि साथ सहयोग नपाएकोले अलमलमा पर्नुपरेको गुनासो संस्थापक एवं प्रणेता डाक्टर देवेन्दूराज पाण्डेले व्यक्त गर्नुभयो । अध्यक्ष राजेन्द्र दाहालले एउटा गैरसरकारी संस्था २७ वर्षसम्म निरन्तर कृयाशिल रहनुनै पनि ठूलो सफलता रहेको र स्वावलम्बनका माध्यमबाट निर्माण भएका सहकारीहरु संस्थागतरुपले गतिशिल रहँदै अगाडी बढ्नुलाई समान्य सफलता मान्न नमिल्ने धारणा राख्नु भएको थियो ।

डा.देवेन्द्रराज पाण्डेको वैचारीक नेतृत्वमा उहाँलेनै प्रतिपादन गर्नुभएको स्वावलम्बन अवधारणालाई संस्थागतरुपमा बढाउने सोंच राखेर उहाँ लगायत विशेषगरी गाउँ-गाउँमा खटिएर कामगरेका अनुभवी ग्रामीण कार्यकर्ता, विकासका बारेमा गहिरो अध्ययन गरेका विज्ञहरु तथा पत्रकारहरु गरी १४ जना व्यक्तिहरु मिलेर वि.सं.२०४८ साल साउन १३ गते यो संस्था विधिवत स्थापना गरेका थिए । मुलुकले व्यहोर्दै आएको अनेक आरोह-अवरोहसँगै यस केन्द्रले पनि अनेक चुनौतीहरुसँग सामना गर्दै यस घडीमा आइपुगेको छ ।

स्वावलम्बन अवधारणा भित्र संगठित एकतावद्ध समुदायको निर्माणका लागि सामाजिक परिचालनलाई मुख्य औजारका रुपमा लिइएको छ । यही माध्यमबाट आयआर्जन, सीप विकास, लघुउद्यमशिलता, दक्षता अभिवृद्धि, नेतृत्वको विकास, संस्थागत विकास, द्वन्द्व व्यवस्थापन, विपद व्यवस्थापन, शिक्षा, स्वास्थ्य, पर्यावरण सन्तुलन र सुशासनका विषयलाई सफलतापूर्वक अगाडी बढाउन सकिन्छ भन्ने स्वावलम्बनको अनुभवजन्य मान्यता छ ।

केन्द्रको स्थापनाकाल देखि अहिले सम्म केन्द्रलाई पाल्पा लगायत रुपन्देही, मकवानपुर, धादिङ्ग, गोरखा, लमजुङ्ग, सिराहा, सप्तरी, उदयपुर, बाँके, बर्दिया, सुर्खेत, दैलेख, सर्लाही, धनुषा, महोत्तरी, कपिलवस्तु, कालिकोट, बझाङ्ग नुवाकोट, सिन्धुपाल्चोक र सुनसरी जिल्ला गरी २२ जिल्लामा छोटो तथा लामो अवधिका कार्यक्रम सघनरुपमा लागू गर्ने अवसर प्राप्त भएको छ । कार्यक्रम लागू भएका २२ जिल्ला मध्ये ६ जिल्ला (धादिङ्ग, गोरखा, लमजुङ्ग, सिराहा, सप्तरी, उदयपुर) मा सञ्चालन भएको कार्यक्रमलाई संस्थागत गर्न संभव भएन । त्यसैगरी सिन्धुपाल्चोक जिल्लामा भूकम्पका लागि आपतकालिन सहयोक पुऱ्यायौं । ती बाहेकका बाँकी १६ जिल्लामा सञ्चालन गरिएको स्वावलम्बन कार्यक्रमलाई निश्चित अवधि पुरा भएपछि सहकारीमा रुपान्तरण गरी संस्थागत विकासका लागि मार्ग तयार गरिंदै आएको छ । संस्थागत मार्गमा हिडेका सहकारीहरुलाई व्यवसायिक र उन्नतशील बनाउन भनेर केन्द्रको अगुवाईमा विगत ५ वर्ष अगाडी आरएसडिसी लघुवित्त वित्तीय संस्था प्रवर्द्धन भएको छ । उक्त लघुवित्तले तिनै ग्रामीण भेगका सहकारीहरुलाई सवलीकरण गर्न र संस्थागत विकास गर्न सहयोग पुऱ्याउने गरेको छ ।

स्वावलम्बन अवधारणालाई अहिलको वर्तमान घडीमा सफलतापूर्वक ल्याइपुऱ्याउनुमा हिमाल, पहाड, तराइका सबै जातजाती विशेषगरी अवसरमा पहुँच नभएका वर्ग, समुदायबाट पाएको विश्वास, यस अवधारणालाई प्रतिपादन गर्ने प्रणेता डाक्टर देवेन्द्रराज पाण्डेको अतुलनीय भूमिका रहेको छ । त्यसैगरी केन्द्रबाट कुनैप्रकारको व्यक्तिगत लाभ नलिई स्वयंसेवी भावनाले प्रबन्ध समितिका सुरुदेखि अहिलेसम्मका सबै पदाधिकारीले नीतिगत नेतृत्व दियर गर्नुभएको योगदानको उत्तिकै महत्व छ । केन्द्रमा कर्मचारी (जस्लाई कार्यकर्ता भनिन्छ)का रुपमा रहेर पनि अभियन्ताको भूमिका निर्बाह गरेका सयौं व्यक्तिहरु, सहयोगी दातृनिकायहरुको भूमिका पनि अविस्मरणीय रहेको छ ।

आरएसडिसीको वार्षिकउत्सवलाई सुरुका वर्षमा जसरी अब आउने दिनमा फेरी पर्वका रुपमा मनाउन सकियोस यही कामना छ । आजको यस पुनित अवसरमा स्वावलम्बन अवधारणालाई अगाडी बढाउने अभियानमा संलग्न ग्रामीण क्षेत्रका आय आर्जन समूहहरु, स्वावलम्बन सहकारीहरु र आवद्ध सदस्यहरु, सहयोगी साझेदार दातृ निकाय/संस्थाहरु, शुभेच्छुकहरु र केन्द्रका सदस्यज्यूहरु सबैमा हार्दिक बधाइका साथै उत्तरोत्तर प्रगति समृद्धिको कामना गर्दछौं र सबै पक्षबाट प्राप्त सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछौं । स्वावलम्बनको मुल्य, मान्यता र अभियानलाई आगामी दिनमा सफलतापूर्व अगाडी बढाउनका लागि आ-आफ्नो क्षमता अनुसार योगदान पुऱ्याऔं । यस पुनित अवसरमा पुनः सबैमा विशेष वधाई तथा शुभकामना ।

**२०७५ साउन १३ गते, शुक्रबार**

## तस्विरहरू




